नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङबेसी, धादिङ

बागमती प्रदेश, नेपाल

# जनतासंग मेयर स्वास्थ्य परिक्षण, निदान, परामर्श र उपचार कार्यक्रम निर्देशिका, २०८१

धादिङबेसी, धादिङ

समुदाय स्तरमा ६० वर्ष माथिका [illegible] व्यक्ति, जेष्ठ नागरिक, विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष स्वास्थ्य सेवा प्रदान गर्न [illegible] [illegible] गर्ने शिविरको क्लिनिक र निःशुल्क [illegible] स्वास्थ्य परिक्षण।

नीलकण्ठ नगरपालिका

# जनतासंग मेयर स्वास्थ्य परीक्षण कार्यक्रम (परिक्षण, निदान, परामर्श र उपचार) निर्देशिका, २०८१

कार्यपालिका स्वीकृत मितिः २०८१।११।०७

<u>प्रस्तावना:</u> लोक कल्याणकारी राज्यको अवधारणामा जनताको स्वास्थ्य राज्यको जिम्मेवारी भित्र रहने हुँदा नेपालमा सङ्घीय, प्रदेश र स्थानीय तीनै तहका सरकारको सहकार्य र समन्वयमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको वर्तमान अवस्थामा नीलकण्ठ नगरपालिकामा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको, सेवा उपभोग दर कम रहेको तथा वन्चितिकरणमा परेको समुदायहरुसम्म सेवा पुर्याउनुका साथै नसर्ने रोगहरू (Non-Communicable Diseases- NCDs)- मुटु-रक्तनलि सम्बन्धि रोगहरु (Cardiovascular Disease-CVDs), स्वासप्रस्वास सम्बन्धि दिर्घ रोगहरू ( Chronic Respiratory Disease- CRDs), मधुमेह (Diabetes Mellitus-DM) ,अर्बुद रोग (Cancer), मानसिक स्वास्थ्य (Mental Health- MH) को बढ्दो जनस्वास्थ्य समस्याहरुको स्वास्थ्यकर्मी घरदैलोमा नै पुगेर स्क्रिनिङ गर्ने, समयमा नै रोकथाम, निराकरण र विशेषज्ञद्वारा उपचार गरी अल्पआयुमै हुने मृत्यु (premature mortality) र Disability Adjusted Life Years- (DALYs) मा कमी ल्याई दिगो विकास लक्ष्य (SDGs-2030:- Goal No.1. No Poverty & 3. Good Health and well-being) प्राप्त गर्ने समेतका कार्यहरु सञ्चालन गर्नका लागि कार्यविधि बनाउन वान्छनीय भएकोले, नीलकण्ठ नगरपालिकाको जनस्वास्थ्य सेवा ऐन, २०८१ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले जनतासंग मेयर स्वास्थ्य परीक्षण कार्यक्रम (परिक्षण, निदान, परामर्श र उपचार) निर्देशिका, २०८१ जारी गरेको छ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जनतासंग मेयर स्वास्थ्य परीक्षण कार्यक्रम (परिक्षण, निदान, परामर्श र उपचार) निर्देशिका, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

(३) यो निर्देशिका अनुसारको कृयाकलापहरू नीलकण्ठ नगरपालिका स्वास्थ्य संस्थाहरू मार्फत वार्ड, बस्ती, टोल, समुदायस्तरसम्म लागू / विस्तार हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले नीलकण्ठ नगरपालिकाको जनस्वास्थ्य ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिका सम्झनु पर्छ ।

(ग) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, वैकल्पिक चिकित्सा लगायतका पद्दतीमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवा सम्झनु पर्छ।

(घ) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी, नीजि, सामुदायीक, गैरसरकारी, सहकारी अस्पताल वा नर्सिङ होम सम्झनु पर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ङ) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिइने प्रारम्भिक सेवालाई सम्झनु पर्छ।

(घ) "जोखिम युक्त वर्ग" भन्नाले जेष्ठ नागरिक, महिला, बालबालिका, विकट बस्तीका र दुर्गम क्षेत्रका बासिन्दा, बहिष्करणमा परेको समुदाय तथा अपाङ्गता भएका व्यक्तिहरु सम्झनु पर्छ।

(ङ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले उपलब्ध स्रोतको सीमा भित्र रहेर लागत प्रभावकारी र प्रमाणिक तथ्यमा आधारित भई तय गरिएको आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरुको सन्तुलित एवं वैज्ञानिक, गतिशील तथा वृहत कार्य सूची एवं प्रणाली सम्झनु पर्छ।

(ज) "आयुर्वेदिक औषधी" भन्नाले आयुर्वेदिक प्रणालीबाट तयार गरिएको औषधि सम्झनु पर्छ।

(झ) "कार्यक्रम" भन्नाले जनतासंग मेयर स्वास्थ्य परिक्षण कार्यक्रम सम्झनु पर्छ।

(ञ) "प्रमुख" भन्नाले नीलकण्ठ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नीलकण्ठ नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ठ) "तोकिएको" वा "तोकिएको बमोजिम" भन्नाले यस निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "नीजि स्वास्थ्य संस्था" भन्नाले सार्वजनिक स्वास्थ्य संस्था बाहेकका अस्पताल, नर्सिङ्ग होम, प्रयोगशाला, डाइग्नोष्टिक सेन्टर, क्लिनिक, पोलिक्लिनिक, पुनर्स्थापना केन्द्र लगायत स्वास्थ्य सेवा प्रदान गर्ने सबै प्रकारका मुनाफा कमाउने उद्देश्यले स्थापना भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ढ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था तथा प्रचलित कानून बमोजिम स्थापित गैरसरकारी वा नीजि वा गैरनाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

भीमप्रसाद ढुंगाना
नगर प्रमुख

(ग) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनुपर्छ।

(त) "स्वस्थ व्यक्ति" भन्नाले कुनै पनि रोग लागेको भनेर थाहा नभएको व्यक्ति सम्झनु पर्छ ।

(थ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाको लागि जनतासंग मेयर स्वास्थ्य परिक्षण कार्यक्रममा दर्ता भएका व्यक्ति सम्झनुपर्छ।

(द) "सेवाप्रदायक" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत सेवा प्रदान गर्ने व्यक्ति सम्झनुपर्छ।

(ध) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सेवा व्यवस्थापन गर्ने सङ्घीय तथा बागमती प्रदेश मन्त्रालय सम्झनुपर्छ।

(न) "जेष्ठ नागरिक" भन्नाले ६० वर्ष उमेर पुरा भएको व्यक्ति सम्झनु पर्छ ।

(न) "विशेषज्ञ" भन्नाले सम्बन्धित विषयमा स्नाकोत्तर वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल चिकित्सक परिषदमा विशेषज्ञ चिकित्सक भनी दर्ता भएको स्वास्थ्यकर्मी सम्झनु पर्छ।

(प) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको निर्देशक समिति सम्झनु पर्छ ।

(फ) "स्क्रिनिङ्ग" भन्नाले ३० वर्ष पुरा भएको स्वस्थ व्यक्तिको निर्देशिका बमोजिम गरिने परिक्षण सम्झनु पर्छ।

परिच्छेद- २

उद्देश्य

३. <u>कार्यक्रमको उद्देश्यहरू (Objectives):</u> देहायका उद्देश्य हासिल गर्नको लागि जनतासंग मेयर स्वास्थ्य परीक्षण कार्यक्रम लागू गरिएको छ।

(क) नसर्ने रोगहरुको समयमै रोकथाम, निराकरण र उपचार गरी व्यक्तिगत उपचार खर्च र मृत्यु दरमा कमी ल्याउने ।

(ख) स्वास्थ्यको दृष्टिकोणले जोखिम युक्त वर्ग जस्तै: जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, विकट बस्तीका र दुर्गम क्षेत्रका बासिन्दालाई समानुपातिक, समावेशी र सहजरुपमा गुणस्तरिय स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्ने ।

(ग) विद्यालय मार्फत स्वास्थ्य सम्बन्धि चेतना अभिवृद्धि गर्ने ।

(घ) स्वास्थ्य सेवाको पहुँच र उपभोग दर वृद्धि गर्ने ।

## परिच्छेद- ३

## लक्षित समूह तथा सेवाको प्याकेज

४. लक्षित समूह: स्वास्थ्यको दृष्टिकोणले जोखिम युक्त वर्ग जस्तै: जेष्ठ नागरिक, महिला, बालबालिका, भौगोलिक रुपमा टाढा रहेका बस्तीका र दुर्गम क्षेत्रका बासिन्दा, बञ्चितिकरणमा परेको समुदाय, विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरु यस कार्यक्रमको लक्षित समूह हुनेछन् ।

५. सेवाको प्याकेज: यस कार्यक्रम मार्फत देहाय बमोजिमको स्वास्थ्य परिक्षण तथा सेवाहरु नि:शुल्क प्रदान गरिनेछ:

(क) घरदैलोमा नै पुगी स्वास्थ्यकर्मीद्वारा ३० वर्ष नाघेका स्वस्थ व्यक्ति, ज्येष्ट नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको रक्तचाप, ब्लड ग्लुकोज, तौल, उचाई, बि.एम.आई. पिसाब जाँच, उपचार, सल्लाह तथा स्क्रिनिङ्ग गर्ने ।

(ख) विद्यालयमा विद्यार्थीको स्वास्थ्य जाँच र स्वास्थ्य प्रवर्द्धन तथा जोखिम न्यूनीकरणको लागि विद्यालय स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

(ग) स्क्रिनिङ्ग गरी विशेषज्ञ सेवा आवश्यक रहेको बिरामीहरुको लागि वडा स्थित स्वास्थ्य संस्थाहरुमा जिल्लामा रहेका सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुसंगको समन्वय-सहकार्यमा महिला तथा प्रसुती, बाल रोग, ईन्टर्नल मेडिसिन, रेडियोलोजी लगायत विशेषज्ञ सेवा र औषधि वितरण गर्ने ।

(घ) वडा स्थित स्वास्थ्य संस्थामा उपचार हुन नसकी थप उपचार आवश्यक रहेको बिरामीलाई सम्बन्धित अस्पतालमा उपचारको आवश्यक व्यवस्था गर्ने ।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन प्रकृया

६. <u>सञ्चालन गरिने क्रियाकलाप र सञ्चालन प्रकृया</u>

क्रियाकलाप नं.१

मासिक कार्यतालिका यस कार्यालयबाट स्विकृत गराई वडाको सबै टोल, बस्ती र गाउँहरूमा स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूद्वारा घरदैलोमा नै पुगी मासिक रुपमा ५ वर्ष सम्मका बालबालिका, गर्भवती तथा उत्तर-प्रसुती अवस्थाको महिला र ज्येष्ठ नागरिकको जाँच एवं उपचार गरिनेछ। ३० वर्ष माथिका तथा नसर्ने रोग भएका एवं सर्ने रोगहरुको उच्च जोखिममा रहेका सबै नागरिकको स्वास्थ्य (ब्लड ग्लुकोज, रक्तचाप, तौल, उचाई, बि.एम.आई. पिसाब) जाँच गरी अभिलेख राख्ने र विशेषज्ञ सेवा आवश्यक भए नभएको यकिन गरी स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा उपलब्ध गराउन व्यवस्था मिलाउनु पर्ने छ।

१(क) मधुमेहको स्क्रिनिङ:

- ३० वर्ष माथिका व्यक्तिको युरिन डिपस्टिकको प्रयोग गरी पिसाबमा ग्लुकोजको स्तर पहिचान गर्ने र डिपस्टिक परिणाम अनुसार परामर्श सेवा प्रदान गर्ने ।
- Glucometer को माध्यमबाट रगतमा ग्लुकोजको मात्रा परिक्षण गर्ने ।
  - खालिपेटमा रगत जाँच गर्दा (Fasting Plasma Blood Sugar) ≥ 126mg/ dl

    वा

  - जुनसुकै बेलाको रगत जाँच गर्दा (Random Plasma Blood Sugar) ≥ 200mg / dl भएमा थप परिक्षणको लागि सिफारिस गर्ने ।

- मधुमेह सम्बन्धी जनचेतना र स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

१ (ख) उच्च रक्तचापको स्क्रिनिङ:

> ३० वर्ष माथिका व्यक्तिको Sphygmomanometer & Stethoscope प्रयोग गरी रक्तचाप मापन गर्ने ।
> यदि रक्तचाप ≥140/90 mmHg भएमा थप परिक्षणको र परामर्शको व्यवस्थापन गर्ने ।
> केहि दिनको अन्तरालमा पुनः रक्तचाप मापन गर्दा ≥140/90 mmHg भएमा राष्ट्रिय प्रोटोकल (BHS STP & PEN Protocol) अनुसार उपचार सुरु गर्ने।

१ (ग) मृगौला सम्बन्धी रोगको स्क्रिनिङ:

> Urine Dipstick प्रयोग गरी पिसाबमा प्रोटिनको स्तर पहिचान गर्ने ।
> तर, विस्तृत जानकारी र परिणाम सुनिश्चितताको लागि थप प्रयोगशाला परिक्षणको परामर्श दिने ।

१ (छ) शरीरको तौल अनुपात (**Body Mass Index – BMI**) मापन:

BMI मापन: शारीरिक तौल (किलोग्राम) लाई उचाई (मीटर) ले भाग गर्दा बाँकी हुन आउने शेषांकलाई फेरी उचाई (मिटर) ले भाग गर्दा आउने प्रतिफल नै शरीरको तौल सूचाङ्क (BMI) हो।

- सुत्र: BMI = Body Weight in Kilogram / Height in meter ^ 2
- मानक:
  - दुब्लोपना / कम तौल: BMI = ≤ 18.5
  - सामान्य: BMI = 18.5 – 24.9
  - बढी वजन: BMI = 25 – 29.9
  - अत्याधिक तौल / मोटोपना: BMI = ≥ 30 (रोगलाग्न सक्ने अधिक सम्भावना )

(WHO Classification)

- BMI असामान्य देखिएमा स्वस्थ जीवनशैली सुधारको उपायहरु अवलम्बन गर्न परामर्श तथा प्रोत्साहन गर्ने ।

कृयाकलाप नं.२.

वडा स्थित सबै स्वास्थ्य संस्थाहरुबाट आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने विद्यालयहरुमा कार्य तालिका बनाई साप्ताहिक, पाक्षिक वा मासिक रुपमा विद्यालय स्वास्थ्य शिक्षा, आँखा-नाक-कान-मुख स्वास्थ्य परिक्षण, महिनावारी स्वास्थ्य, शारीरिक तथा मानसिक स्वास्थ्य, वातावरणीय स्वास्थ्य, सूर्ति तथा मद्यपान नियन्त्रण, अस्वस्थ्यकर खानपान, शारीरिक निष्कृयताले गर्दा हुने स्वास्थ्यमा नकारात्मक असर लगायत आवश्यकता अनुसारको विषयवस्तु सम्बन्धमा शिक्षा प्रदान गरिनेछ । "एक विद्यालय एक नर्स" कार्यक्रम लागु भएका विद्यालयहरुमा विद्यालय नर्सबाट दैनिक रुपमा उल्लेखित विषयहरुमा शिक्षा प्रदान गरी सचेतना अभिवृद्धि गरिनेछ ।

कृयाकलाप नं.३.

स्किनिङ्ग गरी विशेषज्ञ सेवा आवश्यक रहेको बिरामीहरुको लागि वडा स्थित स्वास्थ्य संस्थाहरुबाट जिल्लामा रहेका सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुसंगको समन्वय-सहकार्यमा महिला तथा प्रसुती, बाल रोग, ईन्टर्नल मेडिसिन, रेडियोलोजी लगायत विशेषज्ञ सेवा र औषधि वितरण गरिने छ ।

वडा स्थित स्वास्थ्य संस्थामा उपचार हुन नसकी थप उपचार आवश्यक भएको बिरामीलाई सम्बन्धित अस्पतालमा उपचारको व्यवस्था गरिनेछ ।

नगरपालिका भित्र बसोवास गर्ने लक्षित समूहको नागरिकलाई कम्तिमा वर्षको दुई पटक यस्तो सेवा प्रदान गरिनेछ ।

७. **अभिलेख तथा प्रतिवेदन विधि:** (१) कृयाकलाप १ र कृयाकलाप २ अनुसार स्वास्थ्य परिक्षण गरिएको व्यक्तिको अनुसूचि-१ को ढाँचामा कार्यालयमा अभिलेख राखिनेछ।

(२) कृयाकलाप १ र कृयाकलाप २ अनुसार स्वास्थ्य जाँच गरी दफा (१) बमोजिम अभिलेख गरिएका व्यक्तिलाई स्वास्थ्य जाँच पश्चात विवरणहरु भरी अनुसूची-२ को ढाँचाको सम्पर्क कार्ड उपलब्ध गराईनेछ। जाँच गराउने व्यक्तिले अर्को महिना जाँच गराउन आउँदा उक्त सम्पर्क कार्ड अनिवार्य लिएर आउनु पर्नेछ।

(३) दफा (१) र (२) को आधारमा स्वास्थ्य सेवा उपलब्ध गराएको प्रतिवेदन सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गराई मासिकरुपमा सम्बन्धित स्वास्थ्य संस्थाले स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ। यस्तो प्रतिवेदनको ढाँचा अनुसूची-३ बमोजिको हुनेछ।

८. **कार्यक्रम सञ्चालनको लागि आवश्यक औषधि-उपकरण तथा सामाग्रीहरू:** कार्यक्रम सञ्चालनको लागि आवश्यक औषधि-उपकरण तथा सामाग्री तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन संयन्त्र

९. **निर्देशक समिति:** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, निर्देशन दिन, आवश्यक समन्वय, अनुगमन, मूल्याङ्कन, सहजीकरण तथा कार्यान्वयनमा कठिनाई परेमा आवश्यक व्यवस्था मिलाउन तपसिल बमोजिम पदाधिकारी एवं सदस्यहरु रहने गरी एक निर्देशक समिति रहनेछ।

(क) प्रमुख, नीलकण्ठ नगरपालिका - अध्यक्ष

(ख) उप-प्रमुख, नीलकण्ठ नगरपालिका - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत, नीलकण्ठ नगरपालिका - सदस्य

(घ) वडा अध्यक्षहरु मध्ये नगर कार्यपालिकाले तोकेको २ जना - सदस्य

(ङ) संयोजक, सामाजिक विकास समिति - सदस्य

(च) प्रमुख, स्वास्थ्य शाखा - सदस्य

(छ) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ज) प्रमुख, सामाजिक विकास शाखा - सदस्य

(झ) कार्यक्रम फोकल व्यक्ति - सदस्य सचिव

(२) निर्देशक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(३) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) निर्देशक समितिले आवश्यकता अनुसार विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१०. समितिको काम, कर्तव्य र अधिकारः निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) कार्यक्रमको क्रियाकलाप तथा कार्यविवरणहरु स्वीकृत गर्ने,

(ख) कार्यक्रमको आवधिक तथा प्रभावकारी मूल्याङ्कन एवं समिक्षा गरी पुनरावलोकन गर्ने,

(ग) कार्यक्रम सञ्चालन गर्न अन्य सरकारी, गैह्रसरकारी तथा नीजि क्षेत्रहरुसँग समन्वय गर्ने,

(घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति-नियम, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सिफारिस गर्ने,

(ङ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गर्ने,

(च) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशन गर्ने,

(छ) कार्यक्रमको गुणस्तर निर्धारण गर्ने गराउने,

(ज) स्वास्थ्य शाखा मार्फत पेश भएको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा समिक्षा गरी आवश्यक निर्देशन दिने ।

११. व्यवस्थापन समितिः (१) कार्यक्रमको सबै क्रियाकलाप र प्याकेज योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको नगरपालिका स्तरीय एक व्यवस्थापन समिति गठन हुनेछः-

अध्यक्ष — प्रमुख प्रशासकीय अधिकृत

सदस्य — शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

सदस्य — कर्मचारी प्रशासन शाखा प्रमुख

सदस्य — आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य — स्वास्थ्य शाखा प्रमुख

सदस्य-सचिव — कार्यक्रम फोकल व्यक्ति

(२) व्यवस्थापन समितिको बैठक वर्षमा कम्तिमा तीन पटक बस्नेछ ।

(३) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) व्यवस्थापन समितिले आवश्यकता अनुसार विज्ञ वा अन्य सम्बन्धी व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१२. व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकारः व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको विस्तार गर्न साथै प्रभावकारी कार्यन्वयन एवम् गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक अनुगमन, सिफारिस तथा निर्देशन दिने,

(ख) कार्यक्रम कार्यान्वयनको निमित्त आवश्यक बजेट व्यवस्थापनको लागि सिफारिस गर्ने,

(ग) कार्यक्रमलाई विस्तार गर्न साथै प्रभावकारी कार्यन्वयन गर्न र सेवालाई गुणस्तरीय बनाउन जनस्वास्थ्य कार्यालय लगायत अन्य सरकारी, गैहसरकारी तथा निजी क्षेत्र एवम् सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने,

(घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति, औषधी-सामाग्री व्यवस्थापन गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक अनुगमन गर्ने,

(च) निर्देशक समितिले तयार गरेको नीति, योजना तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने,

(छ) निर्देशिका बमोजिम कार्यक्रम कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा आवश्यक व्यवस्था मिलाउन सिफारिस गर्ने ।

१३. कार्यक्रम कार्यान्वयनको लागि जनशक्ति:

(क) कार्यक्रम सञ्चालन गर्न नीलकण्ठ नगरपालिका अन्तरगतका स्वास्थ्य संस्था एवं मातहतका कार्यालयहरुमा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई परिचालन गरिनेछ ।

(ख) थप जनशक्तिको परेमा नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

१४. नगर कार्यपालिकाको कार्यालयको मातहतमा यो कार्यक्रम सञ्चालन हुने हुनेछ।

नगर कार्यपालिकाको कार्यलयले देहाय बमोजिम कार्य गर्नेछ:-

(क) अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ख) नीति-नियम, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्ने,

(ग) सरकारी, गैहसरकारी तथा नीजी क्षेत्रहरुसँग समन्वय गर्ने,

(घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति, औषधी-सामाग्री व्यवस्थापन गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशन गर्ने ।

१५. तालिम तथा अभिमुखिकरण एवम् सूचना:

(क) कार्यक्रमको प्रभावकारी कार्यन्वयनको निमित्त कार्यक्रम सञ्चालन गर्न पूर्व सबै स्वास्थ्यकर्मीहरुको लागि एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

(ख) कार्यक्रम सञ्चालनको दौरानमा थप तालिमको आवश्यकता भए थप तालिम प्रदान गरिनेछ।

(ग) कार्यक्रम सञ्चालनको सूचना नगरपालिकाले विद्युतीय तथा अन्य सञ्चार माध्यममार्फत प्रसारण गरिनेछ ।

१६. बजेट व्यवस्थापन तथा खर्च

(क) नगरपालिकाले वार्षिक योजना तथा कार्यक्रम (बजेट) मा "जनतासँग मेयर स्वास्थ्य परीक्षण" कार्यक्रम शिर्षकमा आवश्यक रकम विनियोजन गरिनेछ ।

(ख) यस कार्यक्रममा विनियोजित बजेट खर्च गर्दा नीलकण्ठ नगरपालिकाको तालिम, गोष्ठी, परीक्षा सञ्चालन, विभिन्न बैठक तथा कार्यक्रममा दिइने पारिश्रमिक, यातायात, भत्ता तथा खर्च व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ तथा प्रचलित कानूनमा व्यवस्थाभए बमोजिम गर्नु पर्नेछ ।

(ग) यस कार्यक्रमको उद्धेश्यसँग मिल्दो-जुल्दो एकै प्रकृतिको सङ्घीय, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्थाहरुबाट प्राप्त बजेट कार्यक्रम सञ्चालन निर्देशिका अनुसार यस कार्यक्रमको लागि खर्च गर्नसकिनेछ ।

परिच्छेद- ६

अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण

१७. अभिलेखिकरण, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण

(क) कार्यक्रमको अभिलेख तथा प्रतिवेदन अनुसूचीमा उल्लेखित ढाँचामा स्वास्थ्य संस्थाले मासिक रुपमा तथा स्वास्थ्य शाखाले अर्धवार्षिक रुपमा गरिनेछ ।

(ख) नीलकण्ठ नगरपालिका, नगर कार्यपालिका, वडा सदस्य, स्वास्थ्य शाखाबाट कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सुधार र समन्वयको लागि सल्लाह सुझाव दिन सक्ने छ। यस्तो अनुगमनको अनुगमनकर्ताले अनुसूची-४ बमोजिम प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

(ग) कार्यक्रमको मूल्याङ्कन तथा पृष्ठपोषण अर्धवार्षिक तथा वार्षिक रुपमा निर्देशक समितिले गर्नेछ।

१८. समन्वय, सहकार्य र सम्पर्क

(क) आवश्यकता अनुसार संघीय, प्रदेश तथा अन्य स्थानीय तहसँग समन्वय, सहकार्य र सम्पर्क गरिनेछ।

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिका मार्फत अन्य सरकारी, गैहसरकारी एवं नीजि क्षेत्रहरूसँग समन्वय,सहकार्य र सम्पर्क गरिनेछ।

१९. सम्झौता

(क) विशेषज्ञ/विशिष्टीकृत सेवा प्रदान गर्ने सो सम्बन्धी जनशक्ति उपलब्ध रहेको जिल्ला स्थित सरकारी, गैहसरकारी वा नीजि स्वास्थ्य संस्थासँग सम्झौता गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिमको सम्झौतामा सम्झौता हुदाको बखत उल्लेख भएका शर्तहरूमा थपघट, संशोधन, परिमार्जन गर्न सकिनेछ ।

२०. लेखा परीक्षण गराउनु पर्ने: प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउनु पर्नेछ।

२१. प्रतिवेदन पेश गर्ने: स्वास्थ्य शाखाले कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गरी समिति मार्फत नगरपालिका समक्ष पेश गरिनेछ ।

२२. तथ्याङ्क सार्वजनिक: कार्यक्रमको उपलब्धि, प्रगति प्रतिवेन लगायत तथ्याङ्क नगरपालिकाले सार्वजनिक गरिनेछ ।

## परिच्छेद– ६

## विविध

२३. गोपनीयता: कार्यक्रमबाट लाभान्वीत सेवाग्राहीहरूको प्रचलित कानून बमोजिम व्यक्तिगत र संवेदनशील सूचनाहरूको गोपनीयता कायम गरिनेछ ।

२४. संशोधन:

(क) कार्यक्रम कार्यान्वयन सहज र प्रभावकारी बनाउन तथा विकास र विस्तार गर्न निर्देशिकामा उल्लेख भएका बुँदा, दफा, उपदफाहरूमा संशोधन, परिमार्जन, परिवर्तन वा थपघट गर्न आवश्यक भएमा नगर कार्यपालिकाले संशोधन, परिमार्जन, परिवर्तन वा थपघट गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम थप, घट, संशोधन, परिमार्जन, हेरफेर वा परिवर्तन गरेको नगर राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

२५. <u>बाधा अड्काउ फुकाउने:</u> कार्यक्रम कार्यान्वयनको क्रममा कुनै व्यवहारिक वा कानूनी बाधा अड्चन देखिएमा नगरपालिकाले सामाधान गर्नेछ ।

(क) कार्यक्रम कार्यान्वयन सहज र प्रभावकारी बनाउन तथा विकास र विस्तार गर्न निर्देशिकामा उल्लेख भएका बुँदा, दफा, उपदफाहरूमा संशोधन, परिमार्जन, परिवर्तन वा थपघट गर्न आवश्यक भएमा नगर कार्यपालिकाले संशोधन, परिमार्जन, परिवर्तन वा थपघट गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम थप, घट, संशोधन, परिमार्जन, हेरफेर वा परिवर्तन गरेको नगर राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

२८. बाधा अड्काउ फुकाउने: कार्यक्रम कार्यान्वयनको क्रममा कुनै व्यवहारिक वा कानूनी बाधा अड्चन देखिएमा नगरपालिकाले समाधान गर्नेछ ।

अनुसूचि-१
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

# स्वास्थ्य जाँच अभिलेख रजिष्टर

| क. सं | मिति | नाम थर | उमेर | | गाउँ टोल वडा नं. | कार्ड नं | | फोन नं. | Weight in Kg | Height in meter | BMI | जाँचको नतिजा | | | | अन्य स्वास्थ्य समस्या | उपचार / सल्लाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | | नयाँ | पुरानो | | | | | Blood Pressure | Blood Glucose | Urine Sugar | Urine protein | | |
| १ | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | |

अनुसूची-२
(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

सम्पर्क कार्ड

नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

............... आधारभूत स्वास्थ्य केन्द्र/इकाई/

............... ...............

बागमती प्रदेश, नेपाल

जनतासंग मेयर स्वास्थ्य परिक्षण कार्यक्रमः
३० वर्ष माथिका स्वस्थ व्यक्ति, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको घरदैलो स्वास्थ्य परिक्षण

दर्ता नं.

# सम्पर्क कार्ड

३० वर्ष माथिका स्वस्थ व्यक्ति/ ज्येष्ठ नागरिक/ अपाङ्गता भएका व्यक्तिको

नाम:-

उमेर/लिङ्ग:-  जाति कोड:-

ठेगाना:-  सम्पर्क नं:-

यो कार्ड नहराउनु होला ।
(हार्ड कपिमा बाहिरी साईट - क)

## स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जानकारी

ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जानकारी

१.उमेरसँगै परिवर्तित शारीरिक अवस्थालाई आत्मसात गर्नुहोस ।
२.आनन्दित र खुसी रहनुहोस् ।
३.चिन्ता, डर, रिस-राग, द्वेष भाव त्याग गर्नुहोस् ।
४.सामाजिक, आध्यात्मिक क्षेत्रमा आफूलाई क्रियाशिल बनाउनुहोस् ।
५.पौष्टिक खानाकुरा खानुहोस्।
६.मादक पदार्थ तथा सुर्तिजन्य पदार्थ त्याग गर्नुहोस् ।
७.खुसी र आनन्दित रहनुहोस्।
८.स्वास्थ्य समस्या भएमा स्वास्थ्यकर्मी, चिकित्सक परामर्श लिनुहोस् ।

अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य सम्बन्धी जानकारी

१.आफ्नो शारीरिक अवस्थाप्रति विशेष ध्यान दिनुहोस्।
२.आफ्नो फरक क्षमताको पहिचान गर्नुहोस्।
३.अभिभावक समक्ष आफ्नो भावना भावना आदान प्रदान गर्नुहोस्।
४.एक्लै हिड्डुल नगर्नुहोस्।
५.व्यायाम, हिडडुल गरी शारीरिक क्रियाशिलता कायम गर्नुहोस्।
६.मादक तथा सुर्तिजन्य पदार्थ त्याग्नुहोस्।
७. नियमित रुपमा दाँत माझ्ने लगायत व्यक्तिगत सरसफाईमा ध्यान दिनुहोस्
८.पौष्टिकयुक्त खानेकुराहरू रुचि अनुसारको मात्रामा खानुहोस्।
९.स्वास्थ्य समस्या भएमा स्वास्थ्यकर्मीसँग परामर्श लिनुहोस् ।
१०.स्वास्थ्यकर्मी, चिकित्सकको परामर्श बिना औषधिको प्रयोग नगर्नुहोस्। औषधिको नकारात्मक असर देखिएमा तुरुन्त स्वास्थ्यकर्मी सँग सम्पर्क गर्नुहोस्।

- धुम्रपान तथा सुर्तिजन्य पदार्थको सेवन नगर्ने ।
- क्यान्सर, मुटुरोग, दीर्घ श्वासप्रश्वास अवरोध सम्बन्धी रोग, मधुमेह हुने सम्भावना बढाउने प्रमुख कारक तत्व चुरोट, बिंडी, गुट्खा, खैनी, ई-सिगरेट, हुक्का जस्ता सेवन नै हो ।
- अरुले गरेको धुम्रपानको धुँवाले नजिक हुने अन्य व्यक्तिको स्वास्थ्यमा पनि खराब असर गर्छ ।
- धुम्रपान गर्ने व्यक्तिलाई हृदयघात हुने सम्भावना लगभग तीन गुणा बढी हुन्छ ।
- युवावस्था देखि नै धुम्रपान गर्ने व्यक्तिलाई हृदयघातको खतरा अत्यन्तै धेरै हुन्छ ।

(हार्ड कपिमा बाहिरी साईट - ख) रक्तचाप

१. नसर्ने रोगको पारिवारिक इतिहास: छैन उच्च रक्तचाप मधुमेह दुवै क्यान्सर

२. सुर्तिजन्य पदार्थ सेवन: नगर्ने नियमित गर्ने कहिलेकाही गर्ने विगतमा सेवन गर्ने गरेको

३.मद्यपान सेवन: नगर्ने नियमित गर्ने कहिलेकाही गर्ने विगतमा सेवन गर्ने गरेको

४.हप्ताको ५ दिन कम्तिमा ३० मिनेट/दिन शारीरिक सक्रियता हुने काम: नगर्ने नियमित गर्ने कहिले काही गर्ने

५.पाँच पसर हरियो सागसब्जी र फलफूल उपभोग गर्ने:नगर्ने/गर्ने

६.तनाव महशुस गर्ने गरेको: नगर्ने गर्ने मानसिक तनाव कम गर्ने औषधि सेवन गर्ने गरेको

७.रक्तचाप- mm of Hg

८.सम्भावित उच्च रक्तचाप: छ छैन

९. उच्च रक्तचापको औषधि सेवन गर्ने गरेको: छ छैन

१०.रक्तनमुना संकलन गर्दाको अवस्था: Fasting Post Prandial Random

११.रगतमा ग्लुकोजको मात्रा: mg/Dl

१२. सम्भावित मधुमेह: छ छैन

१३. यदि छ भने औषधि सेवन गरेको: छ छैन

१४. पिसाब जाँच: (a) Albumin- छ छैन (b) Sugar- छ छैन

१५. महिलाको पाठेघरको मुखको VIA गरेको: छ छैन

१६. यदि छ भने: सामान्य छ असामान्य छ

१७. महिलाको मूत्र नलीबाट पिसाब/दिसा चुहिने समस्या: छैन छ भने:- दिसा पिसाब दुवै

१८. BMI: (अंकमा लेख्नुहोस्) कम वजन ठिक वजन बढी वजन रोग लाग्न सक्ने गरी बढी वजन

१९. अन्य समस्या भए (उल्लेख गर्नुहोस्)

२०. औषधि: दिएको नदिएको

२१. परामर्श: दिएको नदिएको

२२. प्रेषण: गरिएको नगरिएको

• इतिहास लिंदा पाइएको लक्षण/ चिन्हलाई गोलाकार ◯ चिन्ह गाउनुहोस् ।

• जाति कोड- दलित- १, जनजाति-२, मधेशी-३, मुस्लिम-४, ब्राम्हाण/क्षेत्री-५, अन्य- ६

हार्ड कपीमा बिक्री भाग- (क)

## फलो-अप रेकर्ड

| क्र.स | मि ति | Weight in kg | Height in meter | BMI | जाँचको नतिजा | | | | अन्य स्वास्थ्य समस्या | दिइएको उपचार सल्लाह | स्वास्थ्य कर्मीको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | Blood Pressure | Blood Glucose Fasting | Urine Sugar | Urine Protein | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |

*Note:- (1) 1 Fit = 0.3 meter

(2) 1 Inch = 0.03 meter

(3) BMI = Body Wt. in kg / Ht. in meter ^ 2

BMI अनुसार वजनको अवस्था

(१) ≤१८.५ भन्दा कम - कम वजन

(२) १८.५- २४.९ - ठिक वजन

(३) २५- २९.५ - बढी वजन

(४) ३० वा सो भन्दा माथि - रोग लाग्न सक्ने गरी बढी वजन ।

हार्ड कपीमा बिक्री भाग-(ख)

## अनुसूचि — ३

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## स्वास्थ्य संस्थाको प्रतिवेदन फाराम

नीलकण्ठ नगरपालिका, वडा नं.      ३० वर्ष माथिको कूल जनसंख्या:      परिक्षण गरिएको संख्या:

स्वास्थ्य संस्थाको नाम ठेगाना:

| मिति | टोल/गाउँ | ३० वर्ष माथि उमेरको परिक्षण गरिएकोसंख्या | | परिक्षण गरिएको संख्या | | रोगको निदान तथा उपचार | | | | | | अन्य केही भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | म | पु | मधुमेह | उच्च रक्तचाप | मुर्गौला रोग | मोटोपना | उपचार | प्रेषण | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |

## अनुसूचि — ४

(दफा १७ को बुदाँ (ख) सँग सम्बन्धित)

### अनुगमन फाराम

१. अनुगमन गरेको मितिः

जिल्ला- स्थानीय तह- वडा/ स्वास्थ्य संस्था-

२. अनुगमन अवधिः देखि सम्म

३. वडामा रहेका ३० वर्ष उमेर माथिको कुल जनसंख्याः

४. अनुगमन गर्दा परिक्षण गरिएको सेवाग्राहिको संख्याः

५. खटिएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको संख्याः

६. सामुदायीक महिला स्वास्थ्य स्वयम् सेविका परिचालन भएको / नभएकोः

७. यदि भएको भए नाम थर (१)

(२)

(३)

८. शिक्षा, सूचना तथा सञ्चार सामाग्री पर्याप्त भए / नभएको।

९.अनुगमनका क्रममा देखिएका सबल पक्षहरुः

(क) (ख)

(ग) (घ)

(ङ)

१०. सुधारका लागि सुझावहरुः

अनुगमन कर्ताको नामः पदः

कार्यालयः दस्तखतः

प्रमाणित गर्ने

हस्ताक्षरः ..........

नाम थरः श्री भीमप्रसाद ढुंगाना

पदः नगर प्रमुख

प्रमाणिकरण मितिः २०८१।११।०७